# आर्थिक वर्ष २०७५।७६

# को

# बजेट बक्तव्य

रावा बेसी गाउँपालिका

हरमटार कुभिण्डे, खोटाङ

१ नं. प्रदेश नेपाल ।

२०७५

# आ.व. २०७५/७६ का लागी गाउँपालिका उपाध्यक्षबाट प्रस्तुत योजना तथा बजेट

सभाध्यक्ष महोदय,

नेपालको राजनैतिक संरचनामा भएको नविन आयाम संघीय संरचना अन्तर्गत यस रावा बेसी गाउँपालिका पनि पूर्ण अधिकार सहितको स्वशासित संरचनामा स्थापित भएको छ । यस रावा बेसी गाउँपालिकाको क्षेत्र तथा सीमा निर्धारण गर्न आवाज उठाउने, माग गर्ने तथा अमूल्य योगदान दिने यहाँका बुद्धिजिवी, राजनैतिक दल, समाजसेवी, कर्मचारी तथा सम्पूर्ण जनताहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै यस आ.व. २०७५।७६ को बजेट अर्थात् यस रावा बेसी गाउँपालिकाको दोस्रो बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफूलाई पनि गौरवान्वित महशुस गरेको छु ।

नेपालको संविधानबाट प्रद्धत स्थानीय तहका आफ्नै अधिकार, स्वशासन तथा स्वयं जवाफदेहिता सहित स्थापित यस रावा बेसी गाउँपालिकाको प्राकृतिक स्रोतको महत्तम सदुपयोग गर्न सक्नु अवसरको रुपमा लिएको छु । दुःख र पीडा के हो? भन्ने अनुभव लिएर जनताको प्रतिनिधीको रुपमा उभिदा यहाँको जनताको चाहना अनुरुप काम गर्नु हामी सबैको कर्तव्य र नैतिकता हो भन्ने महशुस गरेको छु ।

जनताको सहयोग, दृढ आत्मविश्वासी जनप्रतिनिधिको उपस्थिती तथा कर्मचारीको समन्वयमा विकास निर्माण र सार्वजनिक सेवा प्रबाह हुने अवसरको रुपमा लिदै उपलब्ध स्रोत र साधनको सहि सदुपयोग हुने अपेक्षा गरेको छु । भौतिक पुर्वाधार संरचना नहुनु, पर्याप्त आन्तरिक आम्दानीको स्रोत नहुनु हामी विच रहेको दुर्वल पक्ष हो । यद्यपि नेपालको संविधानको मुल मर्मको रुपमा रहेको लोकतान्त्रिकरण प्रकृयामा समग्र गाउँपालिका र राज्यलाई नै अग्रगमन तर्फ लान र जनप्रतिनिधी तथा कर्मचारीहरु विचको समन्वय र सहकार्यलाई वढावा दिदैं चुनौतीहरु न्युनिकरण गर्दै जानु हाम्रो लागी निर्विकल्प अवस्था हो ।

सभाध्यक्ष महोदय,

प्राप्त अवसरको सदुपयोग र चुनौतिहरुको सामना गरी **"रावा बेसी गाउँपालिकाबासि जनताको कामना, समृद्ध, शान्त र हराभरा गाउँपालिकाको चाहना "** भन्ने मूल नारासहित यस रावा बेसी गाउँपालिकाका जनताहरुलाई यस आर्थिक वर्ष २०७५।७६ भित्र विकासको अनुभूती दिलाउनका लागि प्रस्तुत यस बजेटका उद्देश्यहरु यस प्रकार प्रस्तुत गरेको छु :

- स्थानीय जनतामा विकासको प्रत्यक्ष बोध गराउने,
- दिगो विकासको अवधारणा अनुरुप विकास पूर्वाधारको निर्माण गर्ने,
- सामाजिक विकासको माध्यमबाट समग्र विकासको आधार खडा गर्ने,

यी उद्देश्यहरु हासिल गर्नका लागि यस बजेटका प्राथमिकताहरु देहायबमोजिम निर्धारण गरेको छु :

- सबै वडाहरु गाउँपालिका केन्द्र सँग जोडिने गरी सडक विस्तारमा प्राथमिकीकरण,
- गाउँ कार्यपालिका तथा वडा कार्यालय भौतिक संरचना निर्माण,
- शिक्षा, स्वास्थ्य र खानेपानीका योजनामा जोड,
- कृषि उत्पादनमा वृद्धि र आय आर्जनका कार्यक्रममा जोड,
- लक्षित समूह विकास कार्यक्रम,

अब म यिनै उद्देश्य तथा प्राथमिकतामा आधार रही तयार गरिएको आर्थिक वर्ष २०७५।७६ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

यस गाउँपालिकाका विभिन्न वडाहरुलाई विषयगत क्षेत्र सिमा निर्धारण गरि वडागत विकास निर्माण योजनाहरुलाई **रु. १ करोड ५० लाख** बजेट विनियोजन गरिएको छ । वडागत बजेट मध्ये आर्थिक विकास अन्तर्गत पर्ने कृषि, पशु, उद्योग, पर्यटन र सहकारीका लागी **रु. २७ लाख**, सामाजिक विकास अन्तर्गत पर्ने शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्धन, लैङ्गीक समानता तथा सामाजिक समावेशिकरण तथा अन्य गरि **रु.२७ लाख मात्र** विनियोजन गरेको छु । पूर्वाधार विकास अन्तर्गत पर्ने सडक, सिँचाई, भवन तथा सहरी विकास, उर्जा र विद्युतका लागी **रु.९० लाख मात्र** विनियोजन गरेको छु । त्यसै गरि वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत **रु. ६ लाख** विनियोजन गरेको छु ।

गाउँपालिका स्तरिय योजना अन्तर्गत गाउँपालिकाको सडक स्तरोन्नतिका लागी हाइड्रोलिक ट्रयाक्टर खरिदका लागी **रु. २४ लाख**, पुँजिगत अनुसन्धान तथा परामर्शका लागी **रु. ८ लाख** बजेट विनियोजन गरेको छु । समपुरक कोषमा **रु.४० लाख** विनियोजन गरेको छु । सडक संजाल निमार्णलाई पहिलो प्राथमिकता राखी आवश्यक बजेट विनियोजन गरिएको छ ।

आर्थिक विकास अन्तर्गत पर्ने कृषि,पशु उधोग, पर्यटन र सहकारी क्षेत्रको लागी **रु.७६ लाख ८८ हजार २ सय पैतिस मात्र** विनियोजन गरेको छु । सामाजिक विकास अन्तर्गत पर्ने शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्धन, लैङ्गीक समानता तथा सामाजिक समावेशिकरण तथा अन्य गरि रु. **७६ लाख ८८ हजार २ सय पैतिस मात्र** विनियोजन गरेको छु । पूर्वाधार विकास अन्तर्गत पर्ने सडक, सिँचाई, भवन तथा सहरी विकास, उर्जा र विद्युतका लागी रु. **२ करोड ५६ लाख २७ हजार ४ सय बाउन्न मात्र** विनियोजन गरेको छु ।

वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत पर्ने वन तथा भू संरक्षण, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, विपद व्यवस्थापनको लागी **रु.८ लाख ५४ हजार २ सय अड्चालिस मात्र** विनियोजन गरेको छु । सुशासन तथा संस्थागत विकास अन्तर्गत अन्तर्गत **रु. ८ लाख ५४ हजार २ सय पचास मात्र** विनियोजन गरेको छु

सभाध्यक्ष महोदय,

अव म बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजनाप्रस्तुत गर्दछु । आ.व. २०७५।०७६ का लागि कुल **रु. २१ करोड २१ लाख ८४ हजार ७ सय** मात्रको अनुमानित बजेट प्रस्तावित गरेको छु । जस मध्ये चालु खर्च तर्फ **रु. ४ करोड ५४ लाख ७२ हजार २ सय असि मात्र विनियोजन गरेको छु,** जसमध्ये विभिन्न कार्यक्रमहरुका लागी रु. १ करोड ४९ लाख ५० हजार, तलब भत्ता लगायत कार्यालयको प्रशासनिक खर्च, संचालन खर्च जस्ता चालु प्रकृतिका खर्चका लागी **रु.३ करोड ५ लाख २२ हजार २ सय** मात्र विनियोजन गरेको छु । पूंजीगत खर्च तर्फ **रु. ६ करोड ४९ लाख १२ हजार ४ सय** २० र विषयगत सशर्त अनुदान कार्यक्रम तर्फ **रु. १० करोड १८ लाख मात्र** प्रस्ताव गरेको छु ।

आर्थिक वर्ष २०७५।७६ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्व र राजस्व बाँडफाँड बाट **रु. २० लाख १० हजार ७ सय**, केन्द्रिय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान बाट **रु.६ करोड ४ लाख** , प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान बाट **रु. ३३ लाख ६ हजार**, नेपाल सरकारबाट प्राप्त विषयगत सशर्त अनुदान **रु.१०ं करोड १८ लाख,** र केन्द्रिय सरकार बाट प्राप्त राजश्व वाँडफाँड अन्तर्गत **रु. ४ करोड ४६ लाख ६८ हजार मात्र** अनुमान गरिएको छ । राजश्व वाँडफाँड बाट प्राप्त बजेटलाई चालु खर्चमा समावेश गरिएको छ । उल्लेखित आय व्यय बाहेक सामाजिक सुरक्षा भत्ता बापत नेपाल सरकारबाट अनुदान प्राप्त हुने र सो मा खर्च हुने अनुमान गरिएको छ । विषेश अनुदान अन्तर्गत सामुदायिक विकास कार्यक्रमका लागी प्राप्त हुने अनुदान, पुल हेरालुको लागी प्राप्त अनुदान, बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गतको अनुदान रकमको अख्तियारी प्राप्त भए पश्चात खर्च गरिनेछ । अन्य संघ संस्थाबाट प्राप्त योजना तथा बजेट रकमको अख्तियारी प्राप्त भए पश्चात खर्च गरिनेछ । योजना तथा कार्यक्रमको संचालन तथा व्यवस्थापनका लागी कन्टिजेन्सि बापतको रकम सम्बन्धि आयोजना बाटै कट्टा गरि खर्च गरिनेछ ।

प्रस्तुत बजेट तर्जुमा मा मार्गनिर्देशन गर्नुहुने अध्यक्ष ज्यू, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु तथा आवश्यक सहयोग, सल्लाह तथा समन्वय गर्ने प्रमुख प्रशासकीय अधिकृत एवं कर्मचारी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, सम्पूर्ण गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरिक, सेवाग्राही र यस क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी, गैर सरकारी तथा सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

समस्याहरु धेरै छन्, सिमित स्रोत र साधनले सबै समस्याहरु एकै पटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चूनौतिहरुको सामना गर्न हामि सबै कटिवद्ध, प्रतिबद्ध र एकबद्ध बनौं । उज्वल भविष्यको लागि आशावादी बनौं ।

धन्यवाद ।